# गोरखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तेस्रो पटक सूचना प्रकाशित मिति २०७६/१०/१७ गते

## विज्ञापन कर सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ (ग) बमोजिम आ.व. ०७६/०७७, ०७७/०७८ र ०७८/०७९ (३) तीन वर्षका लागि गोरखा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तोकेको दरको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी गोरखा नगरपालिका, गोरखाको क्षेत्राधिकारभित्र पर्ने देहायका शीर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट आफ्नो फर्मको नवीकरण भएको प्रमाण-पत्र, पान दर्ता/मूल्य अभिवृद्धिकर दर्ता प्रमाण-पत्र तथा कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी रितपूर्वकको शिलवन्दी दरभाउ आव्हान गरिन्छ ।

विज्ञापन कर :

| ठेक्का नं. | विवरण | न्यूनतम अङ्क अग्रिम आयकर र मु.अ.कर बाहेक | फारम दस्तुर | धरौटी रकम अग्रिम आयकर र मु.अ.कर समेत | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला/पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ०९–०७६/०७७ | विज्ञापन कर, गोरखा नगरपालिका, गोरखा | ५००,०००।- (पाँच लाख) | १०००।- (एक हजार) | कबोल अङ्क (अग्रिम आयकर र मु.अ.कर समेत) को ५% (पाँच प्रतिशत) | २०७६/११/०२ कार्यलय समय भित्र | २०७६/११/०४ दिनको १२.०० वजे भित्र | २०७६/११/०४ दिनको २.०० वजे | |

### दरभाउपत्र सम्बन्धी शर्तहरुः-

१) दरभाउ पत्र सूचना प्रकाशन भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ र यस कार्यालयबाट खरिद भएको दरभाउपत्र १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा शिलवन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । पेश हुन आएका दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट सोही समय र स्थानमा गरिने छ ।

२) जुनसुकै ठेक्काको ठेक्का बन्दोबस्त गर्न कर शुल्क उठाउने दररेटको विवरण दरभाउपत्र फाराम साथ उपलब्ध गराइनेछ ।

३) दरभाउ खरिद गर्दा नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मू.अ.कर सहितको) प्रमाण-पत्र तथा कर चुक्ताको नोटरी प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

४) यस कार्यालयबाट प्रमाणित भएको दरभाउपत्र फाराम स्वयं वा रितपूर्वकको वारेस निवेदन पठाई तोकिएको दस्तुर वुझाई खरिद गर्नुपर्नेछ ।

५)  दरभाउपत्र फाराम भरी पेश गर्दा आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग लेखी ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको रा.बा.बैंक गोरखामा रहेको धरौटी खाता नं. ३०६०३०३००७१०३ ग-३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ४५ दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६)  यस पूर्व यस नगरपालिकाबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेक्दारबाट पेश गरेको दरभाउ पत्रलाई मान्यता दिईने छैन तर दरभाउ पत्र पेश गर्नु भन्दा पहिले फरफारक गरिसकेको भए दरभाउ पत्र पेश गर्न कुनै बाधा पर्नेछैन ।

७)  ठेक्का सम्झौता गर्दा कवोल अङ्कको अग्रीम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम दरभाउपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिने छ ।

८)  कुनै पनि शर्त राखी पेश गरेको, रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

९)  दरभाउ पत्र स्वीकृत भएपछि दरभाउपत्रदाताले कबोल रकम एकमुष्ठ सम्झौताका बखत यस कार्यालयको रा.बा.बैंक गोरखामा रहेको सञ्चित कोष खाता नं.३०६०३०४०१८१०३ मा जम्मा गरेको सक्कलै बैक भौचर बुझाउनु पर्नेछ । दोस्रो वर्षका लागि ठेक्का रकम सुरुमा कबोल गरेको रकम को १० (दश) प्रतिशत ले थप हुने गरी ठेक्का रकम कायम हुनेछ । त्यसैगरी तेस्रो वर्षका लागि दोस्रो वर्ष कायम भएको ठेक्का रकमको १५(पन्ध्र) प्रतिशतले हुने रकम थप गरी ठेक्का रकम कायम हुनेछ । साथै हरेक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आगामी आ.व. का लागि पुरै किस्ता कार्यालयमा आई भुक्तानी गरेपछि मात्र ठेक्का नवीकरण गरिनेछ अन्यथा ठेक्का तोडिनेछ ।

१०) नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका (मादक पदार्थ, सूर्तिजन्य) जस्ता वस्तुहरुको विज्ञापन गर्न पाईने छैन ।

११) नेपाल सरकार, अदालत तथा अन्य सम्बन्धित निकायबाट विज्ञापन कर उठाउने सम्बन्धमा कुनै नीति निर्देशन जारी भएको खण्डमा सोही बमोजिम हुनेछ ।

१२) नेपाल सरकारको सम्पूर्ण लगानीमा हुने जनचेतना अभिवृद्धिमूलक सूचना प्रचार प्रसारका  सामाग्रीहरुमा र स्थानीय स्तरको हस्तकला तथा कृषि उत्पादनको विज्ञापन गर्ने प्रयोजनका लागि यस कार्यालयले छुट दिएमा विज्ञापनकर असुल गर्न पाइनेछैन ।

१३) दरभाउदाताले विज्ञापन कर संकलन गर्दा उक्त आ.व. को लागि नगर कार्यपालिकाले तोकेको दररेट भन्दा वढी हुने गरी संकलन गर्न पाइने छैन । उक्त दररेट भन्दा बढी हुने गरी रकम संकलन गरेमा ठेक्का सम्झौता तोडिनेछ ।

१४) दरभाउ पत्रको खाम बाहिर कार्यालयको नाम ठेगाना र दरभाउपत्रदाताको नाम ठेगाना स्पष्ट लेख्नु पर्नेछ ।

१५) पेश भएका दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६) यस सूचना र दरभाउपत्र फारममा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

१७) विस्तृत जानकारीका लागि कार्यालय समयमा यस कार्यालयमामा सर्म्पक गरी जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका

गोरखा